Email: deo.siraha@election.gov.np
sirahadeo@gmail.com
Phone: 033-520265

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

## सिरहा

प.सं.०८०/८१

च.नं.

मितिः २०८०/११/२७

नेपाल संवत् ११४४ सिल्लागा, ३० आइतवार

### सूचना ।         सूचना ।।         सूचना ।।।

संवत् २०८१ बैशाख १५ गते शनिवार इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त भएको प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ मा रिक्त भएको प्रदेश सभा सदस्य पदको मिति २०८१।०१।१५ गते हुने उपनिर्वाचनको लागि मतदाता नामावली अद्यावधिक गर्ने सिलसिलामा यस आयोगको मिति २०८०।११।१६ गतेको निर्णयानुसार देशभर मिति २०८०।११।२८ गतेदेखि २०८०।१२।०५ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुँदैछ सो सन्दर्भमा अन्तिम मतदाता नामावली तयारी गर्ने प्रयोजनको लागि मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम, २०८० कार्यान्वयनको लागि आयोगको बेभसाइटमा मतदाता नामावली मिति २०८०।११।२८ गते प्रकाशन गरिनेछ । सो नामावलीमा आफ्नो नाम भए/नभएको यकिन गरी मिति २०८०।११।२९ देखि मिति २०८०।१२।०५ गतेसम्म सो नामावलीमा रहेको त्रुटी सच्याउन, दोहोरो हटाउन, झुट्टा विवरण दिई दर्ता गराएको भए सो को बिरोधमा उजुरी दिन एवम् मिति २०८०।११।२९ देखि मिति २०८०।१२।०५ सम्म प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन सकिने व्यहोरा सर्वसाधारणको जानकारीको लागि अनुरोध छ । जिल्ला निर्वाचन कार्यालय, सिरहामा वा कार्यालयको इमेल ठेगानाः deo.siraha@election.gov.np मार्फत निवेदन दिई अद्यावधिक मतदाता नामावली तयारी गर्न सहयोग गर्नुहुन सबैमा अनुरोध छ।

जिल्ला निर्वाचन कार्यालय
सिरहा

जिल्ला निर्वाचन अधिकारी

अनुसूची-१

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय ........

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |